लापरवाहीका कारण म्याग्दी डढेलो उच्च जोखिममा

■ सौर्य समाचार

म्याग्दी । सुक्खायामसँगै म्याग्दीमा डढेलोको जोखिम बढेको छ । आगोको जथाभावी प्रयोगले वनजंगलमा डढेलोको जोखिम बढेको हो । आगलागीका घटनाले वनजंगलसँगै, वन्यजन्तु, जडीबुटी र पर्यावरणमा विनाश निम्त्याउने गरेको छ । डिभिजन वन कार्यालयका प्रमुख डिभिजनल वन अधिकृत वसन्तकेशव अधिकारीले ९६ प्रतिशत ढडेलोको कारण मानवीय लापरवाही भएको पाइएको बताए । 'घाँस पलाउने बाहना, अवैध सिकार र आगोको जथाभावी प्रयोगले वनजङ्गलमा डढेलोको जोखिम बढेको हो,' उनले भने, 'खोरीया फडानी गरी खेती गर्न, हिंस्रक वन्यजन्तु धपाउन, वन्यजन्तुको सिकार, वन अपराध लुकाउन, वन कर्मचारी वा छिमेकी वन उपभोक्ता समूहसँगको रिसइवीका कारण डढेलो लगाउने गरेको पाइएको छ ।'

फागुन, चैत, वैशाख र जेठमा बढी डढेलो लाग्ने गरेको छ । रुख बिरुवा, जडीबुटी, वन्यजन्तु र पन्छीको वासस्थान डढेलोबाट नष्ट हुने गरेको छ । डढेलो निभाउने क्रममा विगतका वर्षमा मानवीय क्षति भएको थियो । म्याग्दी डढेलोको जोखिमका हिसाबले नेपालका ७७ जिल्लामध्ये ३० औं स्थानमा छ । आर्थिक वर्ष २०७९/८० मा १०२ ठाउँमा ७९० हेक्टर, २०८०/८१ मा १४५ स्थानमा ८९० हेक्टर र २०८१/८२ मा ११५ स्थानमा ८०५ हेक्टर वन डढेलोले क्षति गरेको डिभिजन वन कार्यालयको तथ्यांक छ ।

भान्सादेखि विकास...

सार्वजनिक यातायातमा भाडा समायोजन गर्न दबाब

पेट्रोलियम पदार्थको मूल्य बढ्दा ढुवानी भाडा बढ्ने देखिन्छ । जसको असर उद्योग धन्दादेखि खाद्यान्न आयात, पर्यटन, विकास निर्माणलगायत सबै क्षेत्रमा देखिन थालेको छ । पेट्रोलियम पदार्थको मूल्यमा भएको वृद्धिपछि सार्वजनिक यातायातको भाडा समायोजन गर्न नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघले सरकारसँग माग गरेको छ । महासंघले मूल्यवृद्धि गरेर मात्र समस्या समाधान नहुने भन्दै निगमभित्रको आन्तरिक चुहावट नियन्त्रण गर्न, पेट्रोलियम खपत व्यवस्थापन गर्न तथा वैज्ञानिक विधि अपनाएर सहज आपूर्ति सुनिश्चित गर्न माग गरेको छ ।

त्यस्तै, नेपाल ट्रक यातायात व्यवसायी महासंघले पेट्रोलियम पदार्थको मूल्य अस्वाभाविक रूपमा बढ्दा यसको प्रत्यक्ष असर यातायात व्यवसायमा पर्ने जनाएको छ । महासंघले डिजलको मूल्य बढेसँगै वैज्ञानिक विधिअनुसार ट्रक भाडादर स्वचालित रूपमा समायोजन गर्न सरकारसँग माग गरेको छ । पेट्रोलियम पदार्थको मूल्य बढाइँदा ट्रक व्यवसायीलाई पुरानै भाडादरमा व्यवसाय सञ्चालन गर्न कठिन हुने महासंघले स्पष्ट पारेको छ ।

युरिया मलको मूल्य बढ्यो

मध्यपूर्व द्वन्द्व र त्यसको कारण होर्मुज स्ट्रेट प्रभावित भएपछि अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्यमा २ सातामै ३० प्रतिशतले वृद्धि भएको छ । अहिले युरियाको मूल्य प्रतिटन ६५० र डिएपी ७७५ डलरसम्म पुगेको छ । यही गतिमा मूल्य बढे नेपालले वार्षिक ३ लाख टन पनि किन्न नसक्ने कृषि मन्त्रालयका अधिकारीहरूले बताएका छन् ।

औद्योगिक कच्चा पदार्थको आपूर्तिमा समस्या

मध्यपूर्व युद्धका कारण नेपालका उद्योगका लागि आवश्यक कच्चा पदार्थको अभावसँगै उपलब्ध कच्चा पदार्थको मूल्य वृद्धि भएको छ । उद्योगीहरूका अनुसार अन्तर्राष्ट्रिय बजारमा औद्योगिक कच्चा पदार्थको मूल्य ह्वात्तै बढेको छ । युद्धले अन्तर्राष्ट्रिय बजारमा कच्चा वनस्पति तेल र प्लास्टिक दानाको मूल्यमा ४० प्रतिशतसम्म वृद्धि हुँदा नेपाली उद्योगहरू समस्यामा परेको छ । त्यस्तै, नेपालको निर्यात तथ्यांकमा पछिल्लो समय ठुलो हिस्सा ओगटेको भटमास र सूर्यमुखी तेलका लागि आवश्यक कच्चा पदार्थको आयात पनि घटेको छ ।

पर्यटन क्षेत्र पनि प्रभावित

मध्यपूर्वको आकाश असुरक्षित भएपछि काठमाडौँबाट दुबई, दोहा र अबुधाबी जाने उडानहरू प्रभावित भएका छन् । धेरै विमानले लामो रुट प्रयोग गर्नुपर्दा उडान समय र खर्च दुवै बढेको छ । हवाई इन्धनको मूल्य बढेसँगै अन्तर्राष्ट्रिय र आन्तरिक हवाई भाडामा वृद्धि भएको छ, जसले पर्यटन क्षेत्रलाई नकारात्मक असर पुऱ्याइरहेको छ ।

वैदेशिक रोजगारी संकटमा

खाडी मुलुकहरूमा करिब १८ लाख नेपाली कार्यरत छन् । युद्धका कारण नेपाली श्रमिकहरूको सुरक्षा मुख्य चासो बनेको छ । खाडी देशहरूमा उद्योगधन्दा तथा आर्थिक गतिविधि सुस्त हुँदा नेपाली श्रमिकहरूले काम गर्न पाएका छैनन् । जसको सीधा असर नेपाली अर्थतन्त्रमा अहम् भूमिका रहेको रेमिट्यान्समा पर्ने देखिन्छ । कुल रेमिट्यान्सको करिब ४० प्रतिशत हिस्सा मध्यपूर्वबाट आउने भएकाले त्यहाँको अस्थिरताले देशको विदेशी मुद्रा सञ्चितिमा ठुलो धक्का पुग्न सक्ने अर्थविद्हरूले बताएका छन् । सरकारले मध्यपूर्वका द्वन्द्वग्रस्त क्षेत्रका लागि वैदेशिक रोजगारीको श्रमस्वीकृति हाललाई स्थगित गरेको छ । जसले नेपालमा बेरोजगारी बढ्ने देखिन्छ ।

बालेन सरकारले सुरुमै भोग्नेछ स्रोतको...

नेपाली अर्थतन्त्र आन्तरिक रूपमै ठुलो चुनौती र समस्यामा रहेकै बेला बाह्य समस्याले थप चुनौती देखिएको उनले बताए । उनले भने, ' वित्तीय र बैंकिङ क्षेत्र, बजेट, उद्योग-व्यवसाय पनि लगानी विश्वास नभएको, युवाहरूमा निराशालगायत प्रतिकूलता र चुनौती भएको स्थितिमा जनताले एउटा ठुलो अपेक्षा र विश्वासका साथ मत दिएका छन् । जसका कारण बलियो सरकार बन्ने भएको छ । बलियो सरकारले आन्तरिक समस्या र चुनौतीको डटेर सामाना गर्नुपर्नेछ ।' डा. खनालका अनुसार बाह्य कारणले अर्थतन्त्रमा निम्तिएको इन्धन अभाव, उत्पादन, रोजगारी, विकास निर्माण र उपभोक्तामा परेको चर्को मूल्यवृद्धिको समस्या तथा उद्योग-व्यवसायमा परेको नकारात्मक समस्यासँग आउने सरकारले सामाना गर्नुपर्नेछ । मूल्यवृद्धि केही हदसम्म कम गर्न तथा उद्योगी व्यवसायीको मनोबल गिर्न नदिन सरकारले छोटो समयका लागि इन्धनमा लगाइएका विभिन्न खालका करहरू हटाउन सक्ने र उद्योगधन्दाहरूलाई विभिन्न राहत दिन सक्ने खनालले बताए । जसका कारण सरकारलाई स्रोतको दबाब पर्ने देखिन्छ ।

अर्जुननरसिंह बने...

उनी त्यसबेला ८१ वर्षका थिए । निर्वाचन आयोगमा बुझाइएको विवरणअनुसार केसीको उमेर ७८ वर्ष छ । अन्य पाका सांसदहरूमा प्रत्यक्षतर्फ म्याग्दीबाट स्वतन्त्र जितेका महावीर पुन ७१ वर्षका छन् भने मनाङबाट निर्वाचित कांग्रेसका टेकप्रसाद गुरुङ पनि ७१ वर्षकै छन् । रुकुम पूर्वबाट विजयी भएका नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डको उमेर ७० वर्ष छ । समानुपातिकतर्फ भने नेकपाका प्रमेश हमाल ७१ वर्ष, कांग्रेसकी रुक्मिणी कोइराला ७० तथा एमालेका पुष्पकराज कँडेल ७० वर्षका छन् ।

उमेर मात्रै होइन, सबैभन्दा शीर्ष नेता पनि हुन् केसी

यस पटकको प्रतिनिधिसभामा सबैभन्दा पुराना एवं अनुभवी नेतासमेत केसी नै हुन् । २०१८ सालदेखि नै राजनीतिमा होमिएका केसी पञ्चायतकालमै राज्यमन्त्री बनिसकेका थिए । २०४८ देखिका हरेक चुनावमा सहभागी भएका उनी ३५ वर्षदेखि संसदीय राजतनीतिमा सक्रिय छन् । हरेक चुनाव लडेका उनी यस पटक भने समानुपातिक प्रणालीमार्फत् संसद् प्रवेश गर्दै छन् । २०४८ र २०५१ सालमा नुवाकोट-३ बाट निर्वाचित उनी २०५६ मा सोही क्षेत्रमा पराजित भए । २०६४ को पहिलो संविधानसभा चुनावमा नुवाकोट-१ बाट पराजित केसी २०७० को दोस्रो संविधानसभामा भने सोही क्षेत्रबाट विजयी भए । २०७४ को चुनावमा नुवाकोट-२ बाट पराजित उनी २०७९ मा भने सोही क्षेत्रबाट विजयी भएका थिए ।

२०५२ सालमा स्वास्थ्यमन्त्री, २०५६ सालमा भौतिक योजना तथा निर्माण, २०५६ मै शिक्षामन्त्री, २०७४ सालमा सहरी विकासमन्त्री बनेका केसीले कांग्रेसको सहमहामन्त्री, प्रवक्ताका साथै विभिन्न विभागको प्रमुख भएर काम गरिसकेका छन् । बिएल र स्नातकोत्तरसम्मको अध्ययन गरेका उनले त्रिभुवन विश्वविद्यालयमा राजनीतिशास्त्रको प्राध्यापन र कानुन व्यवसायीका रूपमा समेत काम गरेका छन् ।

अढाई वर्षमा...

आगामी २ आवका लागि स्थानीय तहलाई संघ तथा प्रदेश सरकारबाट उपलब्ध हुने वित्तीय हस्तान्तरणमा पुनर्निर्माण प्रयोजनका लागि छुट्टै आर्थिक सूचक तयार गरी अनुदान उपलब्ध गराउनुपर्नेछ ।

निजी क्षेत्रका लागि छुट र सुविधा दिन सुझाव

आयोगको प्रतिवेदनमा निजी व्यावसायिक प्रतिष्ठानहरूको २७ अर्ब ४९ करोड र निजी घरपरिवारको ६ अर्ब ५ करोड ८४ लाख गरी कुल ३३ अर्ब ५४ करोड ८७ लाखको क्षति भएको देखिन्छ । योमध्ये ४५.५ प्रतिशत अर्थात् १५ अर्ब २८ करोड ७३ लाख रुपैयाँको भवन तथा घरमा तथा सवारीसाधनमा ५.५ प्रतिशत अर्थात् १ अर्ब ८५ करोड १६ लाखको क्षति भएको छ । बाँकी अन्य सम्पत्तिको क्षति भएको छ भने करिब २३ अर्ब रुपैयाँका लागि बिमा कम्पनीहरूमा दाबी परेको छ । निजी सम्पत्ति र व्यवसायको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व भएको उल्लेख गर्दै आयोगले निजी व्यावसायिक प्रतिष्ठान र व्यक्तिगत घरहरूको पुनर्निर्माण र पुनर्व्यवस्थापन सम्बन्धमा सरकारले दिनुपर्ने सुविधालाई आयोगले सुझावका रूपमा प्रस्तुत गरेको छ ।

क्षति भएका निजी प्रतिष्ठान तथा निजी भौतिक संरचना पुनर्निर्माणका लागि नक्सापास बापतको रकममा छुट, निजी व्यावसायिक प्रतिष्ठानलाई ३ वर्षसम्म सम्पत्ति करमा छुट दिन आयोगको सुझाव छ । त्यस्तै, बिमा भएका भौतिक संरचनाको बिमा रकम तुरुन्त उपलब्ध गराउने व्यवस्था, बिमा रकम उपलब्ध गराउन तरलता अभाव भए राष्ट्र बैंक तथा कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट सहुलियत ब्याजदरमा अल्पकालीन सापटी लिन सक्ने व्यवस्था गर्न पनि सुझाएको छ । आन्दोलन क्रममा पूर्ण क्षति भएका निजी सवारीसाधनको लगत कट्टा गर्दा लाग्ने सवारीसाधन कर मिनाहा दिन प्रदेश सरकारलाई अनुरोध गर्ने, आन्दोलनबाट प्रभावित व्यवसायलाई प्रवाहित कर्जाको पुनर्तालिकीकरण र पुनर्संरचनाको समयावधिलाई २०८३ असारमसान्तसम्म थप गर्ने, आन्दोलनका क्रममा क्षति भएका व्यक्तिगत तथा व्यावसायिक भवन तथा भौतिक सम्पत्तिको पुनर्निर्माणका लागि ऋणीले निश्चित समयावधिका लागि परिवर्तन नहुने गरी स्थिर ब्याजदरमा कर्जा लिन चाहे ०.५ प्रतिशत मात्र प्रिमियम थप गरी ५ वर्षसम्मका लागि उपलब्ध गराउने जस्ता सुविधा दिनुपर्ने आयोगको कार्ययोजनामा उल्लेख छ ।

यसरी हुनेछ स्रोत व्यवस्थापन

भौतिक क्षतिको पुनर्निर्माण र पुनर्व्यवस्थापनका लागि अतिरिक्त रकम आवश्यकता पर्ने भएकाले यसका लागि विद्यमान स्रोतको विवेकशील विनियोजन गर्ने र नयाँ वित्तीय स्रोतहरू पहिचान गरी परिचालन गर्नुपर्ने आयोगको कार्ययोजनमा उल्लेख छ । जसमा साना, टुके र तत्काल नतिजा दिन नसक्ने आयोजना कटौती गर्ने, ३ करोडभन्दा कम रकम लाग्ने पूर्वाधार निर्माण संघीय सरकारबाट नगर्ने, साना आयोजना ससर्त अनुदानका रूपमा सम्बन्धित तहमा हस्तान्तरण गर्ने, मन्त्रालयहरूले ससर्तमा स्थानीय तहमा पठाउने साना स्तरका कार्यक्रम बन्द गर्ने, प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न सकिने काम हस्तान्तरण गरेर संघीय कार्यालयहरू बन्द गर्ने तथा विकास साझेदार र गैरआवासीय नेपालीहरूलाई पुनर्निर्माण कोषमा योगदान गर्न कूटनीतिक माध्यममार्फत् पहल गर्ने र पुनर्निर्माण कोषमा योगदान गर्ने व्यक्तिहरूलाई राज्यले सम्मान गर्ने नीति अपनाउनुपर्ने सुझाव आयोगको छ ।

वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारीको लागि प्रस्ताव माग गरिएको सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति :- २०८२।१२।०४

यस वन उपभोक्ता समूहले संरक्षण र व्यवस्थापन गर्दै आएको जिल्ला नवलपरासी (ब.सु.पू.) मध्यविन्दु न.पा. वडा नं. १५ स्थित करिब १०२.२६ हेक्टर क्षेत्रफल रहेको यस सामुदायिक वनको विस्तृत सर्वेक्षण गरी **गण्डकी प्रदेशको वन संम्बर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन निर्देशिका-२०८२** बमोजिम **सामुदायिक वन व्यवस्थापन कार्ययोजना तयारी तथा संशोधन** गर्नुपर्ने भएकोले सो कार्य गर्नसक्ने इच्छुक व्यक्ति वा परामर्शदाता संस्थाबाट संक्षिप्त आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न यो ३० दिने सूचना प्रकाशन गरिएको छ । यस कार्यको लागि तयार पारिएको कार्यसूची तथा अन्य विस्तृत जानकारी समूहको कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति : २०८३।०१।०३
स्थान : मध्यविन्दु न.पा. १५, समूहको कार्यालय
समय : दिनको ३:०० बजे सम्म ।

श्री हरियाली सामुदायिक वन उपभोक्ता समूह
मध्यविन्दु न.पा.- १५, नवलपरासी (ब.सु.पू.)

काठ लिलाम बिक्रीको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।१२।०४)

यस मनकामना सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा उत्पादन भइ सामुदायिक वनको घाटगद्दीमा विभिन्न लट बनाइ राखिएको **साल प्रजातिको गोलिया थान ६७ को ५१५.४५ क्यू.फिट र असना प्रजातिको गोलिया थान ९ को ११२.१९ क्यू.फिट काठ** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक समेत भएका काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

घाटगद्दी स्थान:- विनयी त्रिवेणी गाँउपालिका-२ दुम्किबास

मनकामना सामुदायिक वन उपभोक्ता समूह
विनयी त्रिवेणी गाँउपालिका २, नवलपरासी (ब.सु.पू.)

काठ लिलाम बिक्रीको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।१२।०४)

यस मैनान्योती हरियाली सामुदायिक वन उपभोक्ता समूहको स्वीकृत वन कार्ययोजना अनुसार आ.व. ०८२।०८३ मा उत्पादन भइ सामुदायिक वनको घाटगद्दीमा विभिन्न लट बनाइ राखिएको **साल प्रजातिको गोलिया थान ८१ को ६४०.९९ क्यू.फिट काठ** जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजानु पर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नवीकरण भएका वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक समेत भएका काठ, दाउरालाई कच्चा पदार्थको रूपमा प्रयोग गर्ने गरी दर्ता भएका उद्योगले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औ दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

घाटगद्दी स्थान:- विनयी त्रिवेणी गाँउपालिका-२ डाँडाजोर

मैनाज्योती हरियाली सामुदायिक वन उपभोक्ता समूह
विनयी त्रिवेणी गाँउपालिका २, नवलपरासी (ब.सु.पू.)

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गारिएको सूचना

यस कार्यालयमा मिति २०७६।०४।०९ मा दर्ता भएको **प्रा.लि. नं. २१९५२४** को **ब्लु वाटर कन्स्ट्रक्सन प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गारिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गारिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
कम्पनीको दर्ता खारेज गारिएको सूचना

यस कार्यालयमा मिति २०७२।०३।२३ मा दर्ता भएको **प्रा.लि. नं. ३६६८३४** को **शिवम एग्रो प्रोसेसिङ इण्डष्ट्रिज एण्ड कोल्ड स्टोरेज प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१२।०३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम बिशेष दर्ता खारेज गारिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गारिएको छ ।

कम्पनीको नाम परिवर्तन गारिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०८२/१२/०४

यस कम्पनीको मिति २०८२।०७।१७ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **कन्टिनेन्टल ट्रेडिङ्ग एण्ड कन्ट्र्याक्टिङ्ग कम्पनी प्रा.लि. (दर्ता नं. २७८०५४)** को नामभा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।०८।२६ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **कन्टिनेन्टल ग्रुप प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

निक्षेप उपर हकदावी सम्बन्धि ३५ दिने सूचना

(सूचना प्रकाशित मिति: २०८२/१२/४)

लक्ष्मी नारायण चालिसेको छोरी लक्ष्मी नारायण पौडेलको श्रीमती सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका, वडा नं.-०८, बस्ने खगिसरा पौडेलको मिति २०८२/१०/०४ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको सुर्खेत वीरेन्द्रनगर शाखामा रहेको बचत खाता नं. १४००३४३२८६५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी छोरी (इन्द्रा पौडेल) ले यस बैंक सुर्खेत वीरेन्द्रनगर शाखामा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सावित प्रमाण कागजातसहित यस बैंकको शाखा कार्यालय सुर्खेत वा प्रधान कार्यालय, टंगाल, काठमाडौंमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय, सुर्खेत -०४, सुर्खेत ।
फोन नं.०८३-५२२३१०

निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना

यस बैंकका खातावाला श्री कमला प्रसाद काफ्लेको नाति, श्री दुर्गा प्रसाद काफ्लेका छोरा जिल्ला उदयपुर, पञ्चावती-५, हाल उदयपुरगढी-६, मा बस्ने श्री भवानी प्रसाद काफ्लेको मिति २०८२-०७-०५ का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं. ०६७०११०५००००३२ र सानिमा सामाजिक सुरक्षा बचत खाता नं. ०६७०१०८१००००६२१ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको श्रीमति इन्द्रा कुमारी काफ्लेले मिति २०८२-११-१७ मा यस बैंक समक्ष निवेदन पेश गर्नु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित हकदाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सानिमा बैंक www.sanimabank.com

उदयपुरगढी शाखा, उदयपुर, फोन नं. ९८५२८३५७००, ९८०१५५०००१

कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

आथिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना

प्रकाशित मितिः २०८२।१२।०४

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८२।०९।१८ गते बोलपत्र आह्वान सम्बन्धि सूचना तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको बिधुतीय खरिद प्रणाली www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आह्वानको Single Stage Two Envelope ठेक्का सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कनमा निम्न बमोजिमका बोलपत्रदाताहरूले प्राविधिक प्रस्तावका शर्तहरू पूरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताहरूले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२।१२।११ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) को उपनियम ५ र ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सम्बन्धित बोलपत्रदाता उपस्थित नभएको कारणले आर्थिक प्रस्ताव खोल्न बाधा नपुग्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

सि.नं.	ठेक्का नं.	योजनाको नाम	प्राविधिक प्रस्तावमा सफल बोलपत्रदाताहरु
1	18-MED-2082/083	Procurement of Medical equipment's for Krishnapur Municipality	1) Global Medico Pvt Ltd, New Baneshwor, Kathmandu

प्रमुख प्रशासकीय अधिकृत
कृष्णपुर नगरपालिका

Shivasatakshi Municipality
Office of the Municipal Executive
Koshi Province, Jhapa

Invitation for online Bids

Date of 1st Publication : 2082/12/04(18-March-2026)

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

Contract Number	Description of Work	Bid Doc Fee	Estimated Amount Without Vat & Contingencies	Bid Validity Period	Minimun Bid Security Amount	Bid Security Validity Period	Deadline For Submission of Bid	Opening of Bid
25/SM/ NCB/ Road/ 2082/ 083	Construction of Blacktop road at ward no 07 and 11	Nrs 3000	Nrs 53,62,326.91	90 Days After Bid opening	Nrs 1,37,000	30 Days beyond the Validity of Bid	17-Apr-2026 12: 00 Hours	17-Apr-2026 14: 00 Hours

Information to deposit the cost of Bidding document in Bank

Name of the Bank: Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch jhapa

Name of Office: Shivasatakshi Municipality

Office Account no.: 29601400000017

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. 29601400000048 on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality, Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

Chief Administrative Officer